# गुणस्तर प्रमाण चिन्ह प्रयोग गर्ने बारेको कबुलियतनामा

लिखितम् जिल्ला ................ गा.पा. /न.पा मा स्थापना भएको (उद्योगको नाम) . . ...................... (उद्योग दर्ता /प.प.नं ..............) द्वारा उत्पादन गरिने ...............(वस्तुको नाम) मा (ने.गुण ...........) नेपाल गुणस्तर (प्रमाण चिन्ह) ऐन २०३७ को दफा ५ (२) (ङ) र नेपाल गुणस्तर (प्रमाण चिन्ह) नियमावली २०४० को नियम १० अनुसार गुणस्तर (प्रमाण चिन्ह) प्रयोग गर्न सम्बन्धमा राखेको तपसिल बमोजिमका शर्तहरु पूर्ण रुपमा पालना गरी सम्बन्धित नेपाल गुणस्तर अनुरुपका उत्पादनहरुमा मात्र नेपाल गुणस्तर (प्रमाण चिन्हको) प्रयोग गर्न छौँ । यी शर्तहरु पालना नगरेमा नेपाल गुणस्तर तथा नापतौल विभागका तर्फबाट यस उद्योगलाई प्रदान गरिएको गुणस्तर प्रमाण चिन्ह प्रयोग गर्न इजाजत पत्र स्थगित वा रद्द गरिएमा यस उद्योगलाई मञ्जुर छ भनी नेपाल गुणस्तर तथा नापतौल विभागमा बसी यैस लिखितमका साक्षी हरुको रोहबरमा मनोमानि खुशीसंग यो कबुलियतनामाको कागज लेखी नेपाल सरकार उद्योग मन्त्रालय, नेपाल गुणस्तर तथा नापतौल विभागमा चढायौं ।

तपसिल

१. ................ (वस्तुको नाम) (ने.गुण ...........) अनुरुपकै हुने गरी नेपाल गुणस्तर तथा नापतौल विभाग (यसपछि विभाग भनिएको) द्वारा निर्धारित यस सँग सम्बन्धित सम्पूर्ण आवश्यकता पूरा गरी उत्पादन तथा विकी वितरण गर्नेछु /छौँ र सो पदार्थमा मात्र नेपाल गुणस्तर प्रमाण चिन्ह प्रयोग गर्नेछु/छौँ ।

२. जुन ब्राण्ड (ट्रेडमार्क) तथा साइज र सेरीजमा नेपाल गुणस्तर प्रमाण चिन्ह प्रयोग गर्नका लागि इजाजत दिईएको हो सोमा मात्र नेपाल गुणस्तर प्रमाण चिन्ह प्रयोग गर्ने छु /छौं र सोमा प्रमाण चिन्ह प्रयोग नगरी बिक्रि वितरण गर्ने छैन/छैनौ । विभागको इजाजत नलिई थप कुनै ब्राण्ड उत्पादन तथा विक्री वितरण गर्ने छैन/छैनौ । (*ने.गुण अनिवार्य गरिएका बस्तुहरुका लागि मात्र* )

३. विभागद्वारा जारी गरिएको यस कबुलियतनामासंग सम्बन्धित उद्योग निरिक्षण तथा वस्तु परिक्षण कार्यआयोजना पालना गर्ने छु/छौं वा हामीले हाम्रो उद्योगको गुणस्तर कृयाकलाप सम्बन्धी यस विभागमा पेश गरेको गुणस्तर निर्देशिका अनुरुप काम गर्नेछु /गर्नेछौं ।

४. इजाजत पत्रसँग सम्बन्धित नेपाल गुणस्तर तथा सम्बन्धित निर्धारित आवश्यकतालाई विभागबाट संशोधन/परिवर्तन गरिएमा सोही अनुरुप गर्नेछु/गर्नेछौं ।

५. इजाजत प्राप्त गरेको विषयलाई उद्योगले यस विभागलाई आक्षेप लाग्ने वा मानहानी हुने वा कानूनी झैंझमेला हुने तवरले प्रयोग गर्ने छैन तथा विभागले भ्रामक वा अनधिकृत ठहर गरेको अभिव्यक्ति जारी गर्ने छैन ।

६. नेपाल गुणस्तर तथा नापतौल विभागद्वारा प्रदान गरिएको इजाजत पत्र कुनै कारणबश स्थगित वा रद्द भएमा प्रमाण चिन्हको प्रयोग बन्द गरी इजाजत पत्र विभागमा बुझाउनेछु/छौं । इजाजत पत्र स्थगित भएको अवधिमा विज्ञापन गर्ने छैनौं ।

७. सञ्चार माध्यम जस्तै ब्रोश्योर, विज्ञापन इत्यादिमा गुणस्तर प्रमाणिकरण सम्बन्धमा उल्लेख गर्दा विभागद्वारा निर्धारित प्रक्रिया वा शर्त पालना गरिने छौं ।

८. नेपाल गुणस्तर तथा नापतौल विभागबाट तोकिएको नाप परिमाणको नेपाल गुणस्तर चिन्ह मात्र प्रयोग गर्नेछु/गर्नेछौं र त्यस सम्बन्धमा विभागद्वारा निर्धारित आवश्यकता पालना गर्ने छौं ।

९. इजाजत प्रदान गरिएको पदार्थको सम्बन्धमा उद्योगमा प्राप्त कुनै पनि गुनासो, उजुरीको रेकर्ड राखिने छ तथा यस सम्बन्धमा भए गरेका कार्यवाहि समेतको व्यवस्थित रेकर्ड राखिने छ । विभागले मागेको समयमा उद्योगले उक्त रेकर्ड उपलब्ध गराउने छौं ।

१०. नेपाल गुणस्तर चिन्ह बापत तोकिएको दस्तुर बार्षिक रुपमा बुझाउने छु /छौं ।

११. नेपाल गुणस्तर तथा नापतौल विभागबाट खटाइएका निरिक्षकहरुको काम कर्तव्यको सिलसिलामा नीजहरुलाई देहायका काम कुरामा यथाशक्य सहयोग गर्नेछु/गर्नेछौं । कुनै बाधा गर्ने छैन/छैनौं ।

क) नेपाल गुणस्तर प्रमाण चिन्ह प्रयोग भएको कुनै पदार्थमा त्यसको उत्पादन प्रकृया निरिक्षण गर्न ।

ख) कुनै पदार्थ वा त्यसको उत्पादन प्रकृयाको सन्दर्भमा इजाजत पत्रको शर्त बमोजिम यस कम्पनी/उद्योग/संस्थाले नियमित रुपमा निरिक्षणको प्रबन्ध गरे नगरेको जाँचबुझ गर्न ।

ग) इजाजत पत्र बमोजिम गुणस्तर प्रमाण चिन्ह प्रयोग भएका पदार्थको गुणस्तर सम्बन्धित नेपाल गुणस्तर अनुरुप भए नभएको जाँचबुझ गर्न ।

घ) उपरोक्त कार्यका लागि प्रमाण चिन्ह प्रयोग गरिएको वा गरिने पदार्थमा प्रयोग हुने कुनै पनि तयारी वा कच्चा पदार्थको जुनसुकै अवस्थामा पनि जाँचबुझ गर्न ।

ङ) इजाजत पत्र सम्बन्धित पदार्थका उत्पादन प्रकृया र परिक्षण सम्बन्धि कागजातको निरिक्षण गर्न ।

च) गुणस्तर चिन्ह प्रयोग गर्न विभागबाट इजाजत प्रदान गरिएका पदार्थ सम्बन्धमा कुनै पनि उजुरी वा गुनासो भई सो सम्बन्धमा जाँच तथा छानबीन गर्न ।

छ) विभागले प्रमाणिकरण कार्यका लागि Accreditation गराएको संस्था वा अन्य सम्बन्धित  निकायको पर्यवेक्षक (Observer) लाई आवश्यक अध्ययन तथा जाँचबुझ गर्न ।

ज) विभागबाट प्रदान गरिएको इजाजत पत्र रद्द भएको अवस्थामा गुणस्तर चिन्हको अनधिकृत प्रयोग भएनभएको सम्बन्धमा जाँचबुझ गर्न ।

१२. उर्पयुक्त कार्यको शिलशिलामा निरिक्षकलाई काम भइराखेको जुनसुकै बेला यस्तो पदार्थ वा उत्पादन भईराखेको ठाँउमा प्रवेश गरेर त्यहाँको कुनै तयारी वा कच्चा पदार्थ जाँच गर्नको लागि तत्सम्बन्धि जुनसुकै कोठा गोदाम, दराज, बाकस, भाँडा, पोका, पुरीया आदि खोली निरिक्षण गर्ने अधिकार हुनेछ र त्यसमा कुनै बाधा बिरोध गर्ने छैन/छौनौं ।

१३. नेपाल गुणस्तर प्रमाण चिन्ह सम्बन्धमा नेपाल गुणस्तर तथा नापतौल विभागका तर्फबाट समय समयमा दिइएका निर्देशन, सुझाव इत्यादीको पालना गर्नेछु/गर्नेछौं ।

१४. नेपाल गुणस्तर प्रमाण चिन्हसंग सम्बन्धित कार्य गर्नका लागि सामान्यतया एक उत्तरदायी व्यक्ति ( सकेसम्म अधिकृत स्तरको ) मनोनयन गर्नेछु/गर्नेछौं ।

१५.निम्न विषयमा भएको परिवर्तन विभागलाई तुरुन्त जानकारी गराउने छु/छौं:

क) कानूनी, व्यावसायिक संस्थागत संरचनामा भएको परिवर्तन (जस्तोः साना/मझौला/ठूलो उद्योगको अवस्थामा परिवर्तन)

ख) उद्योगको स्वामित्व, व्यवस्थापन तथ संस्थाको संरचना  (संचालकहरु, मुख्य व्यवस्थापकिय अधिकृत तथा अन्य महत्वपूर्ण निर्णय लिने व्यक्ति, गुण नियन्त्रण तथा व्यवस्थापन गर्ने मुख्य व्यक्ति) मा भएको परिर्वतन

ग) उत्पादित वस्तु तथा उत्पादन प्रक्रिया

घ) उद्योगस्थल, मुख्य सम्पर्क व्यक्ति, पत्राचारको ठेगाना, फोन तथा फैक्स नं. र इमेल

ङ) गुण व्यवस्थापकिय प्रणाली (Quality management system)

च) उत्पादन तथा परीक्षण मशीनरी

१६. यदि कुनै उपभोक्ताले मेरो/हाम्रो उद्योग/कम्पनी/संस्थाबाट उत्पादन भएको गुणस्तर प्रमाण चिन्हयुक्त पदार्थको गुणस्तरको सम्बन्धमा सिकायत गरेमा र उक्त सिकायतलाई विभागले मनासिब ठहऱ्याएमा गुणस्तरयुक्त पदार्थद्वारा बिना मूल्य बदलि गरिदिनेछु/छौँ । यदि यसरी बदलि गरिदिन मैले/हामीले कुनै प्रकारको आनाकानी गरेमा विभागमा रहेको धरौटी बापतको रकमबाट कट्टा गरि विभागले सम्बन्धित उपभोक्तालाई बिगो बमोजिमको सोधभर्ना गरिदिएमा मेरो/हाम्रो मञ्जुरी छ । उपभोक्ताको मागदावी सम्बन्धमा उपभोक्ता संरक्षण ऐन वा अन्य प्रचलित ऐन कानून बमोजिम हुने कार्यबाहि समेत मान्य हुनेछ ।

१७. नेपाल गुणस्तर प्रमाण चिन्ह प्रयोग गर्न विभागबाट इजाजत प्रदान गरिएका पदार्थको लेबलि□ तथा प्याकि□सम्बन्धमा नेपाल गुणस्तर तथा नापतौल विभागद्वारा तोकिएको ढाँचामा स्वीकृत लिएर मा□प्रयोग गर्ने छु /छौं ।

१८. विभागले जारी गरेको इजाजतपत्र र अन्य सम्बन्धित कागजातका प्रतिलिपि उद्योगले अन्य संस्था वा व्यक्तिलाई जारी गर्दा प्रमाणपत्रसँग सम्बन्धित व्यहोरा आधा अधूरो रुपमा नगरी पूर्णरुपमा मात्र जारी गर्ने छु /छौं ।

१९. नेपाल गुणस्तर तथा नापतौल विभागद्वारा प्रदान गरिएको इजाजत पत्रको दुरुपयोग गर्ने छैन/छैनौं ।

२०. उद्योगले प्रचार/प्रसार र विज्ञापन गर्दा यस विभागको पूर्व सहमती लिने छु /छौं ।

<u>उद्योगको तर्फबाट संचालक</u>

हस्ताक्षर :

नाम :

स्थायी ठेगानाः

उद्योगको नाम :

छाप :

साक्षी

१. सही

नामः

स्थायी ठेगानाः

नागरिकता प्रमाणपत्र नं.

२. सही

नामः

स्थायी ठेगानाः

नागरिकता प्रमाणपत्र नं.

इति सम्वत्                रोज्        शुभम्